# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोपवा, बारा

कृषि विकास कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स, २०७६

## १. बाली उपचार शिविर (प्लान्ट क्लिनिक) कार्यक्रम

### १.१ परिचय र पृष्भूमिः

बाली विरूवामा रोग, किरा र अन्य समस्याहरूको कारणहरूले गर्दा बाली उत्पादनमा वर्षेनी १५-२०% सम्म ह्रास भएको पाईएको छ। कृषकहरूले बाली बिरूवाहरूका समस्याहरूको सहि उपचार प्राप्त गर्न सकिरहेका छैनन्। गाउँपालिकामा कार्यरत कृषि प्राविधिकहरू मार्फत र पहुँचबाट टाढा रहेका एग्रोभेट वा छिमेकीको सल्लाह बमोजिम बाली उपचार गर्न गरेको यथार्थ छ। एग्रोभेटबाट दिईने सेवा हेर्ने हो भने कृषकहरूले भनेको मौखिक भरमा बिना कुनै निरीक्षण तथा परिक्षणबाट विषादीहरू सिफारिस गरेको पाईन्छ जुन अन्दाजिको भर मा सल्लाह प्रदान गरेको स्थिति छ। समस्याको सही पहिचान बिना कुन विषादी कति मात्रामा प्रयोग गर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञान सीपको अभावमा अन्धाधुन्ध विषादी छर्ने प्रचलनका कारण एकातिर कृषकहरूको लगानी खेर गैरहेको छ भने अर्को तर्फ समयमा नै समस्या समाधान नहुनु र विषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा नकारात्मक असर परिरहेको छ। तसर्थ एउटा परिक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरीय एवं भरपर्दो बाली उपचार पद्वतीको आवश्यकता टड्कारो छ जसको समाधान भनेको बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) नै हो। बाली उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहले आफ्नो बालीमा लागेका रोग, किरा तथा अन्य समस्याको समस्याग्रस्त बोट बिरूवाका नमुना शिविरमा ल्याई बाली उपचार विशेषज्ञहरूबाट समस्या पहिचान तथा समाधानका उपायहरू बारेसल्लाह प्राप्त गदर्छन्। बाली उपचार शिविर २ तरिकाबाट संचालन गर्न सकिन्छः

१) घुम्ती बाली उपचार शिविर,

२) नियिमत बाली उपचार शिविर।

यी दुवै शिविरको कार्यविधीमा खासै भिन्नता छैन। नियिमत बाली उपचार शिविर निश्चित स्थानमा नियिमत रूपमा आवश्यकता बमोजिम एक हप्ता वा १५ दिन वा महिनाको १ पटक वा खास बालीहको समस्यायूक्त समयमा संचालन गरिन्छ भने घुम्ती बाली उपचार शिविर गाउँपालिकाको विभिन्न वडा तथा क्षेत्रहरूको समस्याको आधारमा घुम्ती रूपमा संचालन गर्न सकिन्छ।

### १.२ कार्यक्रमको उदेश्यः

कृषकको बालीमा रोग, किरा तथा अन्य समस्याहरूको सहि पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरू दिलाउनु नै यसको प्रमुख उदेश्य रहेको छ। जसले गर्दा जथाभावी रसायिनक विषादीको प्रयोगलाई कम गरी वातावरण संरक्षणमा सहयोग पुर्याउनुका साथै बाली बिरूवाहरूको उत्पादन र उत्पादकत्व वृद्दि गर्न मद्दत पुग्ने छ।

### १.३ कार्यक्रमको प्रविधिक पक्ष र संचालन प्रकृया र कार्यविधिः

- गाउँपालिकाको अन्न, फलफूल, तरकारी र अन्य बालीहरूको पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रसायिनक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागी बनाउन पायक पर्ने ठाउँमा बाली उपचार शिविर संचालन गर्नुपर्दछ।
- बाली उपचार शिविर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समय मै जानकारी दिनु पर्नेछ।
- कृषकले ल्याएको बालीको नमुना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरू कृषकले बुझ्ने गरी लिखित रूपमा कृषकलाई उपलब्ध गराउनु पर्नृछ। उक्त दिन बाली नमुनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमुना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरू सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ।
- बाली उपचार शिविर संचालन अविध १ दिनको हुनेछ।
- बाली उपचार शिविरमा सहभागी हुने कृषकहरूले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुने छैन।

- बाली उपचार शिविर बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) वा अनुभवी कृषि प्राविधिकको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ। सम्बन्धित गाउँपालिकामा बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) नभएमा नजिकको कृषि ज्ञान केन्द्र, बाली संरक्षण प्रयोगशाला, अनुसन्धान केन्द्र, अध्ययन संस्थान वा प्राविधिक शिक्षालयबाट तालिम प्राप्त बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) को सहयोग लिई संचालन गर्न सकिने छ।
- गाउँपालिका वा जिल्लामा अन्य संघरसंस्थारनिकायबाट यस प्रकारको बाली उपचार शिविर संचालन गर्नु पर्ने भएमा सम्बन्धित गाउँपालिकासँगको समन्वयमा संचालन गर्नु पर्नेछ।
- बाली उपचार शिविर संचालन गरिएका गाउँपालिकाबाट वार्षिक रूपमा शिविर संचालन स्थान, नमुना संकलन गरिएको क्षेत्र, बाली क्षेत्र, देखिएको समस्याहरू र प्रदान गरिएका सुझावहरू उल्लेखित प्रतिवेदन तयार गरि राख्नु पर्नेछ।

### १.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स:

| सि.नं. | विवरण | इकाई | परिमाण | दर रू | जम्मा रू |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ.एम., पर्चा, माइकिङ आदि) | पटक | १ | २०००।- | २०००।- |
| २ | बाली उपचार शिविर सञ्चालन सामाग्री (एप्रोन, क्याप, कैंची, चक्कु, लेन्स, भाईल, पेपर, केमिकल्स आदि) | पटक | १ | २०००।- | २०००।- |
| ३ | सुझाव पर्चा, फ्याक्ट, सिट छपाई | पटक | १ | २०००।- | २०००।- |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम आदि) | पटक | १ | १०००।- | १०००।- |
| ५ | बाली उपचार शिविर व्यवस्थापन खर्च | पटक | १ | ४०००।- | ४०००।- |
| ६ | खाजा खर्च | संख्या | २० | १५०।- | ३०००।- |
| ७ | कृषि प्राविधिकको भत्ता | संख्या | ४ | १०००।- | ४०००।- |
| ८ | प्रतिवेदन तयारी | पटक | १ | १५००।- | १५००।- |
| ९ | फोटो | वटा | २५ | २०।- | ५००।- |
| | कूल जम्मा खर्च रू | | | | २०,०००।- |

**पुनश्च:**

आवश्यकता अनुसार बढीमा रू १०,०००।- रकम बराबरको बाली उपचार सम्बन्धी रोगकीराको लागि विषादी, मोहिनी पासो (ट्र्याप) र सुक्ष्म खाद्यतत्वहरू खरिद गरि बितरण गर्न सकिनेछ।

**द्रष्टव्य:**

- बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) संचालन गर्नाको लागि नेपाल कृषि सेवा वा अन्य कृषि सँग सम्बन्धित निकायमा कार्यरत कम्तिमा रा.प. तृतीय श्रेणीको सेवामा रहि प्लाण्ट क्लिनिक संचालन सम्बन्धी एक हप्ते तालिम लिएको व्यक्तिले प्लाण्ट क्लिनिक विशेषज्ञ भनिन्छ भने कृषि क्षेत्रमा कार्यरत अन्य मध्यम स्तरका १० बर्ष अनुभव प्राप्त प्राविधिकहरूले पनि प्लाण्ट क्लिनिक विशेषज्ञ रूपमा बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) संचालन गर्न सक्ने छन्।

- बाली उपचार शिविर संचालनका लागि इन्धन र कमर्चारीको दै.भ्र.भत्ता यसमा समावेश गरिएको छैन । इन्धन र कमर्चारीको दैनिक भ्रमण भत्ता रकम गाउँपालिका वा सम्बन्धित आयोजक संस्थारकायार्लयले शिविर संचालन स्थलसम्म पुग्न, कार्यक्रम संचालन गर्न र फर्कन लाग्ने समयका आधारमा बिनियोजन गर्नु पर्नेछ ।
- एप्रोन र क्याप सेतो रंगको हुनु पर्नेछ र एप्रोन र क्यापमा "प्लाण्ट क्लिनिक विशेषज्ञ" भन्ने वाक्यांश छापेको वा ईम्ब्राईडरी गरेको हुनु पर्नेछ ।

## २. अन्तर कृषक समूह प्रतियोगिता कार्यक्रम

### २.१ परिचय र पृष्ठभूमिः

बारागढी गाउँपालिकामा रहेका कृषक समूहहको कृयाकलाप एवं प्रगतिको आधारमा प्रतिश्पर्धात्मक मूल्यांकन गरी उत्कृस्ठ समूहहरूलाई पुरस्कृत गर्नको लागि यो प्रतियोगिता सर्चालन गिरन्छ ।

### २.२ कार्यक्रमको उदेश्यः

उत्कृस्ट समूहरूलाई पुरस्कृत गरी मनोबल बढाउने र कार्यमा सफलता लिने ।

### २.३ कार्यक्रमको प्रविधिक पक्षरसंचालन प्रकृया र कार्यविधिः

- सर्वप्रूथम प्रतियोगितामा भाग लिन चाहने गाउँपालिका भित्रका कृषक समूहहरूको पूर्ण विवरण लिई तिनीहरूलाई सूचीकृत गर्नु पर्दछ ।
- स्थानीय प्रतिनिधि, कृषि विकास समिति प्रतिनिधि सहित कृषि प्राविधिहरूको एक टोलीबाट निम्न आधारहरूमा मूल्यांकन गरी प्रथम, द्बितीय, तृतीय र सान्त्वना स्तरमा उत्कृस्ट समूहहरूलाई पुरस्कृत घोषित गर्नुपर्छ ।

### २.४ कार्यक्रमको आर्थिक पक्ष र खर्च माप दण्ड र नर्म्सः

प्रथम रू. २५००/-
द्बितीय रू. १५००/-
तृतीय रू. १०००/-
सान्त्वना रू. ५००/-

### २.५ मूल्यांकनका आधारह्रू तपिसल अनुसार हुनेछ ।

| क्र.सं. | मूल्यांकनका आधारहरू | पूर्णांकं |
|---|---|---|
| १ | समूहको बैठक संचालन र लिइएका निर्णयहरू | १० |
| २ | हितकोष स्थापना र परिचालन अवस्था | १० |
| ३ | नेतृत्वको छनौट र विकास क्रम | १० |
| ४ | समूहले छर छिमेकमा पुर्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह विवरण तथा अन्य रेकर्ड | १० |
| ६ | ग्रामीण विकास बैर्क लगायत सम्बन्धित सरकारी एवं गैर सरकारी निकायबीचको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध तथा अतिरिक्त कृयाकलापहरू | १० |
| ८ | समूहको सृजनिशलता/अमसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिट | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गनुपर्न) | १० |

## ३ उत्कृष्ट कृषक समूह सदस्य प्रतियोगिता

### ३.१ परिचय र पृष्ठभूमिः

बारागढी गाउँपालिकामा कृषक समूहहरूको उत्कृस्ट सदस्यहरूको यथार्थ पहिचान गरी पुरस्कृत गर्दा उनीहरू प्रोत्साहित भै काममा चाख वढ्न जाने हुँदा यस प्रतियोगिता अन्तर्गत वस्तुगत आधारमा उत्कृष्ट सदस्यलाई पुरस्कृत गरिन्छ ।

### ३.२ कार्यक्रमको उदेश्यः

मानिस स्वभावैले आफ्नो कामको प्रतिफल चाहने प्राणी भएकोले गाउँपालिकामा रहेका कृषक समूहहरूमा उत्कृस्ट काम गरी रहेका सदस्यहरूलाई उनीहको मनोबल वढाउँदै कदर गर्नु अन्य सदस्यहरूलाई राम्रो काम गर्न प्रतिस्पर्धात्मक वातावरण सृजना गर्नु ।

३.३ कार्यक्रमको प्राविधिक पक्षरसंचालन प्रकृया र कार्यविधि :

- सर्वप्रथम कृषक समूहहरूलाई नै उत्कृष्ट सदस्यहरूको मूल्यांकन गर्न लगाउनुपर्नेछ ।
- कृषक समूहले गरेको निर्णयलाई गाउँपालिका तहको संयोजकत्वमा गठित मूल्यांकन समितिले पुनरावलोकन गर्नु पदर्छ ।
- गाउँपालिका तहका प्रविधिक र विशेषज्ञ, सम्बन्धित प्रतिनिधि र कृषि विकास समितिको प्रतिनिधिको संयुक्त टोलीले निम्न आधारहरूमा सम्भाव्य सदस्यहरूको मूल्यांकन गरी गाउँपालिका भित्रबाट बढीमा १० (दश) जना उत्कृस्ट सदस्यहरूको पहिचान गर्नुपर्नेछ ।

### ३.४ कार्यक्रमको आर्थिम पक्ष र खर्च माप दण्ड र नर्म्सः

सम्पूर्ण कृषक समूहबाट छानिएका १ जना कृषकलाई रू ३००० का दरले पुरस्कृत गर्न सकिने छ ।

### ३.५ मूल्यांकनका आधारहरु तपिसल अनुसार हुनेछ ।

३.५ मूल्यांकनका आधारह तपिसल अनुसार हुनेछ ।

| क्र.सं. | मूल्यांकनका आधारहरू | पूर्णाकं |
|---|---|---|
| १ | बैठक संचालन र निर्णय लिन पुर्याएको योगदान | १० |
| २ | हितकोष स्थापना गर्न नियमित रूपले रकम जम्मा गरे/नगरेको | १० |
| ३ | नेतृत्व लिने क्षमता | १० |
| ४ | समूह सदस्यले छरछिमेकमा पुर्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह सदस्यले अरू सदस्यहरूलाई पुर्याएको सहयोग | १० |
| ६ | सम्बन्धित सरकारी एवं गैर सरकारी निकाय संगको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध | १० |
| ८ | नयाँ काम गर्न सृजनिशलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिटको भावना | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |

यसरी छानिएका १० जना कृषकहरूमध्ये १ जनालाई गाउँ कार्यपालिकाको कार्यालयले निर्धारित रकम पुरस्कार स्वरूप प्रदान गर्नुपर्नेछ ।

प्रमाणिकरण मितिः २०७६/०६/१६

**आज्ञाले**
आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत